खत्याड गाउँपालिका

स्थानीय राजपत्र

खत्याड गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ८ **संख्याः ३** **मितिः २०८२।०५।२३**

भाग-२

खत्याड गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम गाउँपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशन गर्न अनिवार्य भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम खत्याड गाउँ कार्यपालिकाको १०० औं बैठकले ***"शैक्षणिक स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि, २०८२"*** स्वीकृत गरेको छ ।

आज्ञाले,

डा.रोशन राज बहादुर सिंह ठकुरी

नि.प्रमुख प्रशासकीय अधिकृत

शैक्षणिक स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि, २०८२

प्रस्तावनाः

खत्याड गाउँपालिकाको शैक्षिक गुणस्तरमा बृहत्तर सुधार ल्याई शैक्षिक नीति, योजना र कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गर्न एवम् शैक्षिक सेवा सुविधा सरल रुपमा प्रवाह गरी विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि तथा गुणस्तर सुधारका कार्यमा योगदान गर्नका लागि दक्ष जनशक्तिको आवश्यकता परिपूर्ति गर्न टेक्सस नेपाल, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश र गाउँपालिकाबीच सम्झौता भई शैक्षणिक स्रोत व्यक्तिको व्यवस्था गर्न बाञ्छनीय भएकाले खत्याड गाउँपालिका, मुगुको स्थानीय शिक्षा ऐन, २०७४ को परिच्छेद ९ को दफा ५२ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः (१)** यो कार्यविधिको नाम **"शैक्षणिक स्रोत व्यक्ति व्यवस्थापन कार्यविधि, २०८२"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"ऐन"** भन्नाले खत्याड गाउँपालिकाको स्थानीय शिक्षा ऐन, २०७४ सम्झनु पर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले खत्याड गाउँपालिका, गाउँ कार्यपालिका सम्झनु पर्छ ।

(ग) **"छनोट समिति"** भन्नाले यस कार्यविधि अनुसार शैक्षणिक स्रोतव्यक्ति छनोट तथा सिफारिस गर्न गठित स्रोतव्यक्ति छनोट समिति सम्झनु पर्छ ।

(घ) **"गाउँपालिका"** भन्नाले खत्याड गाउँपालिका सम्झनु पर्छ ।

(ङ) **"विद्यालय"** भन्नाले खत्याड गाउँपालिका क्षेत्र भित्र अनुमति तथा स्वीकृति प्राप्त गरी सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(च) **"शाखा"** भन्नाले खत्याड गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा सम्झनुपर्छ।

(छ) **"विषय विज्ञ"** भन्नाले सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर शैक्षिकउपाधि हासिल गरेको, कम्तिमा माध्यमिक तह द्वितीय श्रेणी वा विश्वविद्यालयको उपप्राध्यापक सरहको अनुभव प्राप्त गरेको वा नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय सेवामा उपसचिव वा सो भन्दा माथिल्लो तह वा श्रेणीको अनुभव भएको सम्बन्धित विषयको विज्ञ सम्झनु पर्छ ।

(ज) **"शिक्षक"** भन्नाले खत्याड गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयमा अध्यापन गर्ने व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(झ) **"शिक्षा अधिकृत"** भन्नाले खत्याड गाउँपालिकाको वरिष्ठ शिक्षा अधिकृत सम्झनु पर्छ

(ञ) **"शिक्षा समिति"** भन्नाले खत्याड गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्छ ।

(ट) **"शैक्षणिक स्रोत व्यक्ति"** भन्नाले टेक्सस नेपाल, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश र गाउँपालिकाबीच शैक्षणिक स्रोत व्यक्तिका लागि सम्झौता भई शैक्षणिक स्रोत व्यक्ति पदमा करारमा नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ठ) **"अध्यक्ष"** भन्नाले खत्याड गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

परिच्छेद-२

३. शैक्षणिक स्रोत व्यक्तिको योग्यता : (१) शैक्षणिकस्रोत व्यक्तिको योग्यता देहाय बमोजिम हुनेछः-

क) नेपाली नागरिक,

ख) २१ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको,

ग) प्रचलित कानूनले अयोग्य नभएको,

घ) कुनै राजनैतिक दलको सदस्य नभएको,

ङ) शिक्षा शास्त्र संकायमा स्नातकोत्तर उत्तीर्ण गरी शिक्षकको पेशागत विकास संग सम्बन्धित क्षेत्रमा कम्तिमा ३ वर्ष कार्यानुभव भएको,

च) तालिम सहजीकरण, मार्गदर्शन तथा सिकाइ सामाग्री विकासमा अनुभव भएको,

छ) शिक्षण अभ्यासमा शिक्षण प्रविधि र डिजिटल सिकाइ प्लेटफर्महरूको प्रयोग गर्न सक्ने,

ज) नेपालमा सञ्चलानमा रहेका समावेशी शिक्षा सम्बन्धी नीतिहरू, प्राविधिक पक्षहरूमा राम्रो ज्ञान भएको,

झ) कार्य जिम्मेवारीमा नवीनता र लचकता देखाउन सक्ने क्षमता भएको,

(२) उपदफा (१) बमोजिम शैक्षणिक स्रोत व्यक्ति छनोट गर्दा अन्य योग्यता समान भएमा गाउँपालिका भित्रको स्थायी बसोबास भएका नागरिकलाई प्राथमिकता दिइनेछ ।

४. शैक्षणिक स्रोत व्यक्तिको छनोट प्रक्रिया : (१) शैक्षणिक स्रोत व्यक्ति नियुक्तिका लागि सिफारिस गर्न देहायका सदस्य रहेको एक शैक्षणिक स्रोत व्यक्ति छनोट समिति रहनेछ :

(क) वरिष्ठ शिक्षा अधिकृत - संयोजक

(ख) अध्यक्षले तोकेको शिक्षाविद् वा दुई जना - सदस्य

(ग) खत्याड गाउँपालिकाको प्रशासन शाखाको प्रमुख-सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत-सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले आवश्यकता बमोजिम विषय विज्ञलाई आमन्त्रण गरी सेवा लिन सक्नेछ ।

(३) शैक्षणिक स्रोत व्यक्ति छनोट गर्न न्यूनतम योग्यता पुगेका उम्मेदवारबाट आवेदन पेस गर्न शाखाले १५ (पन्ध्र) दिनको सार्वजनिक सूचना प्रकाशित गर्नेछ ।

(४) छनोट समितिको सिफारिस बमोजिम प्रमुख प्रशासकीय अधिकृतले शैक्षणिक स्रोत व्यक्तिको नियुक्ति गर्नेछ ।

(५) शैक्षणिक स्रोत व्यक्तिको नियुक्ति बढीमा एक आर्थिक वर्षका लागि हुनेछ । निजको काम सन्तोषजनक भई बजेटको सुनिश्चित भएको अवस्थामा बढीमा एक आर्थिक वर्षका लागि करार थप गर्न सकिनेछ ।

(६) यस दफा बमोजिम एक पटक स्रोत व्यक्तिका रूपमा नियुक्त भएको व्यक्ति पुन शैक्षणिक स्रोत व्यक्तिमा छनोट हुन वाधा पुगेको मानिने छैन ।

परिच्छेद- ३
शैक्षणिक स्रोत व्यक्तिको काम, कर्तव्य, अधिकार र सेवा सर्त

५. शैक्षणिक स्रोत व्यक्तिको काम, कर्तव्य र अधिकार : (१) शैक्षणिकक स्रोत व्यक्तिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) विद्यालयमा शिक्षण सिकाइका लागि शिक्षकलाई प्राविधिक सहयोग र क्षमता अभिवृद्धि गर्न सहजकर्ताको भूमिका निर्वाह गर्ने,

ख) शैक्षिक सूचनाहरू प्रवाह गर्ने, गराउने,

ग) गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना निर्माण र सामाजिक परीक्षण कार्यमा सक्रिय भूमिका निर्वाह गर्ने,

घ) विद्यालयको विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको बैठकमा वर्षमा कम्तीमा दुईपटक पर्यवेक्षकका रूपमा भाग लिने र आवश्यक सल्लाह, सुझाव दिने तथा सहयोगीको रूपमा कार्य गर्ने,

(ङ) विद्यालयको सुपरिवेक्षण गर्न वार्षिक कार्यक्रम बनाई पेस गर्ने,

(च) शिक्षाको योजना निर्माण गर्न तथा सोको कार्यान्वयनसम्वन्धी कार्यमा प्राविधिक सहयोग गर्ने,

(छ) वार्षिक कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने,

(ज) स्वीकृत वार्षिक कार्यक्रमअनुसार मासिक तथा साप्ताहिक कार्य योजना बनाई शिक्षा अधिकृतबाट स्वीकृत गराउने र सोको कार्यान्वयन गर्ने,

(झ) विद्यालय शिक्षासँग सम्बन्धित सम्पूर्ण सूचनाहरू अद्यावधिक गरी राख्ने,

(ञ) विद्यालयको स्तरीकरण कार्यमा प्राविधिक सहयोग गर्ने र सो सम्बन्धी प्रतिवेदन सम्प्रेषण गर्ने/गर्न लगाउने,

(ट) शैक्षिक उन्नयन तथा सुधारका लागि विद्यालयको सहयोग तथा सहकार्यमा आवश्यकता अनुसार अनुसन्धानात्मक, रचनात्मक, सहयोगात्मक र सुधारात्मक कार्यहरू सञ्चालन गर्ने/गराउने,

(ठ) शैक्षिक सत्र सुरु भएको एक महिना भित्र विद्यालयगत रूपमा गत शैक्षिक सत्रको कक्षा एकदेखि १२ सम्मका परीक्षाफलको नतिजा विश्लेषण गर्ने,

(ड) प्रत्येक वर्षको सिकाइ उपलब्धिको तुलनात्मक विश्लेषण गर्ने,

(ढ) नतिजाको विश्लेषण गरी प्रधानाध्यापक बैठकमा छलफल गराई सुधारका उपायको खोजी गर्ने,

(ण) सिकाइ उपलब्धि अभिवृद्धि हुने क्रियाकलापको बारेमा प्रधानाध्यापकको बैठकमा छलफल गरी योजना बनाउन सहयोग गर्ने,

(त) विद्यार्थीको सिकाइ उपलब्धि सुधारका लागि शिक्षकको विषयगत समिति गठन, अन्तर्क्रिया र शिक्षक सहकार्यमा सहजीकरण गर्ने,

(थ) विद्यालयहरूलाई विद्यालयगत सिकाइ उपलब्धि वृद्धि गर्ने योजना निर्माण गर्न लगाई सो योजनाको सारांश शिक्षा अधिकृतलाई उपलब्ध गराउने,

(द) विद्यालयले निर्माण गरेको योजना कार्यान्वयनको अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने,

(ध) शिक्षक तालिम, पेशागत विकास तथा अभिमुखिकरणका सम्बन्धमा तोकिएका कार्यहरू गर्ने,

(न) कक्षा अवलोकन सम्बन्धी देहाय बमोजिमका कार्य गर्ने :

अ. महिनामा कम्तीमा १० ओटा विद्यालयको सुपरीवेक्षण गरी शिक्षा अधिकृत समक्ष प्रतिवेदन पेस गर्ने,

आ. सुपरीवेक्षण गरिएको विद्यालयमा कम्तीमा दुईओटा कक्षा अवलोकन गरी सम्बन्धित शिक्षकसँग अन्तरक्रियाका साथै पृष्ठपोषण लिने दिने कार्य गर्ने,

इ. आवश्यकता अनुसार नमुना कक्षा लिने र शिक्षकबाट पनि नमुना कक्षा लिने व्यवस्था मिलाउने साथै विद्यालय तथा शिक्षकलाई दिइएको निर्देशन पृष्ठपोषणको अभिलेखीकरण गरी शिक्षा अधिकृतलाई समेत जानकारी गराउने,

ई. कक्षा अवलोकन गर्दा पहिले दिएको निर्देशन र पृष्ठपोषणको कार्यान्वयनको जानकारी लिई सम्बन्धित शिक्षक र प्रधानाध्यापकसँग समेत छलफल गर्ने,

उ. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीसँग विद्यालयको शैक्षिक अवस्था सुधारका बारेमा छलफल तथा परामर्श गरी विद्यालय, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापक तथा विद्यालय तहका अन्य पक्षले गर्नुपर्ने भनी तोकिएका कार्यहरूको अनुगमन गरी प्रतिवेदन पेस गर्ने,

ऊ. तोकिएका अन्य कार्य गर्ने, गराउने।

६. **शैक्षणिक स्रोत व्यक्तिको तलव भत्ता तथा अन्य सुविधा** : (१) शैक्षणिक स्रोत व्यक्तिको तलब भत्ता तथा अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।

(२) शैक्षणिक स्रोत व्यक्तिले करारका कर्मचारीहरूले पाउने तोकिएका विदा पाउनेछ ।

(३) शैक्षणिक स्रोत व्यक्तिको हाजिरी गाउँपालिका तर फिल्डमा खटिएको बखत हाजिरीमा फिल्ड काज जनाईनेछ ।

परिच्छेद- ४

शैक्षणिक स्रोत व्यक्ति छनोटको पाठ्यक्रम र छनोट प्रक्रिया

७. **शैक्षणिक स्रोत व्यक्ति छनोट** : (१) शैक्षणिक स्रोत व्यक्तिको छनोटको पाठ्यक्रम अनुसूची-१ बमोजिम हुनेछ ।

(२) शैक्षणिक स्रोत व्यक्ति छनोट गर्दा लिइने परीक्षाको किसिम र पूर्णाङ्क देहाय बमोजिम हुनेछ ।

(क) लिखित परीक्षा पूर्णाङ्क १५० अंक (वस्तुगत ५० र विषयगत १०० अंक)

(ख) कम्प्यूटर सिप परीक्षणः १५ अंक

(ग) अन्तर्वार्ता २५ अङ्क

(३) उपदफा (२) बमोजिमको अंकभार अनुसूची-१ बमोजिम हुनेछ ।

(४) परीक्षाका लागि आवेदन शुल्क रु. दुई हजार हुनेछ ।

(५) बस्तुगत परीक्षामा उत्तीर्ण भए पश्चात विषयगत र विषयगत परीक्षाबाट पनि उत्तीर्ण भई सवै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेद्वारमध्येबाट देहायको अनुपातमा उत्तीर्ण उम्मेद्वारलाई थप गरी अन्तर्वार्ताका लागि उम्मेद्वारको नाम वर्णानुक्रमानुसार प्रकाशन गरिनेछ ।

क्रसं	रिक्त पद सङ्ख्या	थप हुने सङ्ख्या
१	१ देखि ५	२
२	६ देखि १०	३
३	११ देखि १५	४

तर, अन्तिम क्रम सङ्ख्यामा एकजना भन्दा बढी उम्मेदवारले बराबर अङ्क प्राप्त गरेमा त्यस्ता सवै उम्मेदवारको नाम प्रकाशन गरिनेछ ।

(६) उपदफदा (५) बमोजिम उत्तीर्णाङ्क प्राप्त गर्ने उम्मेदवार आवश्यक सङ्ख्यामा नभएमा जति जनाले उत्तीर्णाङ्क प्राप्त गरेका छन् त्यति उम्मेदवारको नाम प्रकाशन गरिने छ ।

(७) लिखित, प्रयोगात्मक र अन्तर्वार्ताको प्राप्ताङ्क जोडी सवैभन्दा बढी अङ्क प्राप्त गर्नेलाई माग सङ्ख्याका आधारमा योग्यता निर्धारण गरी सिफारिश गरिनेछ ।

(८) उपदफा (७) बमोजिमको सिफारिसमा १० प्रतिशत बैकल्पिक सूचीमा रहनेछन् ।

परिच्छेद-५

विविध

८. **करार रद्ध हुने** : (१) देहायको अवस्थामा शिक्षा शाखा प्रमुखको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले शैक्षणिक स्रोत व्यक्ति सँग गरिएको करार रद्द गर्न सक्नेछ ।

(क) पदीय दायित्व पूरा नगरेमा,

(ख) पटक पटक तोकिएको जिम्मेवारी पुरा नगरेमा,

(ग) आचरणसम्बन्धी नियम उल्लङ्घन गरेमा,

(घ) कार्य क्षमताको अभाव भएमा,

(ङ) गलत तथ्याङ्क र अभिलेख प्रमाणीकरण गरेमा वा

(च) अभिलेख (सुरक्षित नराखेमा) व्यवस्थापन नगरेमा,

(छ) गाउँपालिका भित्र प्रचलित कानुन र निर्देशनको परिपालना नभएमा वा गराउन नसकेमा।

(२) उपदफा (१) बमोजिम करार सेवा रद्द गर्नुपूर्व सफाइको मौका दिइनेछ ।

९. **विज्ञ समूह बनाउन सक्ने** : (१) शैक्षणिक स्रोत व्यक्ति व्यवस्थापन गर्नका लागि प्रश्नपत्र निर्माण, अन्तर्वार्ता तथा सिफारिस सम्मका कार्यका लागि शिक्षा शाखा प्रमुखले तोकेका ख्यातिप्राप्त शिक्षाविद् मध्येबाट तीन जना सदस्य रहेको एक वा सोभन्दा बढी विज्ञ समूह बनाउन सक्नेछ ।

(**स्पष्टीकरणः** ख्यातिप्राप्त शिक्षाविद भन्नाले शिक्षा सेवाका वहालवाला वा अवकाश प्राप्त प्रथम वा द्वितीय श्रेणीका अधिकृत वा माध्यमिक शिक्षक प्रथम वा द्वितीय श्रेणीका शिक्षक वा विश्वविद्यालयका प्राध्यापकलाई सम्झनुपर्छ ।)

(२) विज्ञ समूहमा रहने व्यक्तिले समेत छनोट समितिका पदाधिकारीले पाए सरह सेवा सुविधा पाउनेछन् ।

१०. **परीक्षा सञ्चलान खर्चको आधार** : यस कार्यविधि बमोजिमको परीक्षा सञ्चालनको खर्चको

मापदण्ड लोक सेवा आयोगको मापदण्ड अनुसार हुनेछ र सो मापदण्डमा नपरेका विषयमा प्रचलित कानुनबमोजिम हुनेछ ।

११. <u>कार्यविधि संसोधन</u> : यस कार्यविधिमा कुनै व्यवस्था थपघट वा संशोधन गर्नु परेमा शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले गर्नेछ ।

१२. <u>बाधा अडकाउ फुकाउ</u> : (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै समस्या परेमा त्यसको बाधा अड्काउ फुकाउने अधिकार शिक्षा समितिलाई हुनेछ ।

१३. खारेजीः (१) टेक्सस नेपाल, सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश र गाउँपालिकाबीच शैक्षणिक स्रोत व्यक्तिका लागि सम्झौता रद्द भएमा यो कार्यविधि खारेज हुनेछ ।

अनुसूची- १

(दफा ८ (३) सँग सम्बन्धित)

स्रोत व्यक्ति पदको उम्मेद्वार छनोटका लागि लिइने परीक्षाको पाठ्यक्रम

शैक्षणिक स्रोत व्यक्ति पदको खुला प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम र परीक्षा योजना

पाठ्यक्रमको रूपरेखाः यस पाठ्यक्रम योजनालाई तीन चरणमा विभाजन गरिएको छ ।

	परीक्षाको किसिम	पूर्णाङ्क
प्रथम चरण	प्रारम्भिक परीक्षा	५०
द्धितीय चरण	लिखित परीक्षा	१००
अन्तिम चरण	कम्प्यूटर सीप परीक्षण	१५
	अन्तर्वार्ता	२५

परीक्षा योजनाः (Examination Scheme)

१. प्रथम चरणः प्रारम्भिक परीक्षा (Preliminary Exam)

प्रथम चरणः लिखित परीक्षाको योजना (Written Examination Schedule)								
पत्र	**विषय**	**खण्ड**	**पूर्णाङ्**	**उत्तीर्णाङ्क**	**प्रश्नसंख्या**	**परीक्षा प्रणाली**	**प्रश्नसंख्या×अंङ्क**	**समय**
प्रथम	General Subject	General Knowledge	५०	२५	२५	बस्तुगत बहुबैकल्पिक प्रश्न	२५×२=५०	

२. द्धितीय चरणः लिखित परीक्षा (Written Exam)

पत्र	विषय	पूर्णाङ्	उत्तीर्णाङ्क	परीक्षा प्रणाली		प्रश्नसंख्या×अंङ्क	समय
द्धितीय	Service-Group Specific Group	१००	४०	विषयगत	छोटो उत्तर लामो उत्तर	४×१०=४० १२×५=६०	

३. अन्तिम चरणः सिप परीक्षण (Skill Test) र अन्तर्वार्ता (Interview)

पत्र/विषय	पूर्णाङ्क	परीक्षा प्रणाली	समय
सिप परीक्षण (Skill Test)	१५		
अन्तर्वार्ता (Interview)	२५	अन्तर्वार्ता (Board Interview)	

द्रष्टव्यः

१. यस पाठ्यक्रमलाई तीन चरणमा विभाजन गरिएको छ ।

२. परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली वा अंग्रेजी दुबै हुन सक्नेछ ।

३. बस्तुगत बहुबैकल्पिक प्रश्नहरूको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टा गरिनेछ ।तर उत्तर नदिएमा त्यस बापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. विषयगत प्रश्नहरूको हकमा तोकिएको अङ्कमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग वा एउटा प्रश्न अन्तर्गत दुई वा बढी टीप्पणीहरू सोधन सकिनेछ

५. यस पाठ्यक्रम अनुसारका पत्र/विषयका विषयवस्तुमा जुनसुकै कुरा लेखिएको भएता पनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगावै संशोधन भई कायम रहेको विषयवस्तुलाई यस पाठ्यक्रममा परेको सम्झनुपर्दछ ।

६. प्रथम चरण उत्तीर्ण गरेका उम्मेदावरलाई मात्र द्धितीय र द्धितीय चरण चरण उत्तीर्ण गरेका उम्मेदावारलाई मात्र अन्तिम चरणको कम्प्यूटर सिप परीक्षण र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

७. लिखित परीक्षा र अन्तर्वार्ताको कुल प्राप्ताङ्कको आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ ।

८. पाठ्यक्रम लागु हुने मितिः २०८२/०५/०१

प्रथम पत्रः प्रारम्भिक परीक्षा

पूर्णाङ्कः ५०　　　　　　　　　　　　　　　　　　　　　　　　　　　उतीर्णाङ्कः २५

समयः २५ मिनेट

प्रथम प्रत्रमा जम्मा २५ वटा बहुवैकल्पिक प्रश्न सोधिनेछ　　　　　　　　　　　२५×२=५०

१. एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली तथा शिक्षामा सूचना प्रणालीको प्रयोग
२. शैक्षिक अनुसन्धानः अवधारणा, कार्यमूलक अनुसन्धान र मामला अध्ययन
३. नेपालको विद्यालय तह, शिक्षाको संरचना, विद्यालय तहको पाठ्यक्रमको अभ्यास, निरन्तर विद्यार्थी मूल्यांकन र लेटर ग्रेडिङ निर्देशिका, २०७८
४. नेपालको शैक्षिक इतिहास र नेपालका महत्तपूर्ण शैक्षिक घटनाहरू
५. संघीय र कर्णाली प्रदेशका शिक्षा सम्बन्धि कानूनहरू र चालु आर्थिक वर्ष र आवधिक योजनामा शिक्षा
६. राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६, स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, २०७६ र राष्ट्रिय शिक्षा नीति, २०७६
७. स्रोत व्यक्ति व्यवस्थापन निर्देशिका, २०८१
८. शैक्षिक सुशासनको अवधारणा, आयामहरू, गुनासो व्यवस्थापन, नागरिक वडापत्र
९. शैक्षिक व्यवस्थापनः कक्षाकोठा व्यवस्थापन, विपद व्यवस्थापन, समय व्यवस्थापन, विविधता व्यवस्थापन, तनाव व्यवस्थापन, द्धन्द्ध व्यवस्थापन
१०. शिक्षक सक्षमता, शिक्षकको पेशागत दक्षता, शिक्षक विद्यार्थीको आचार संहिता
११. शैक्षिक क्षति आपुरणका तौर तरिका तथा अवलम्बन गर्न सकिने विधिहरू
१२. परीक्षा र मूल्याङ्कन
१३. शिक्षक निर्देशिका, पाठ्यपुस्तक र सन्दर्भ सामाग्री
१४. शिक्षा र समाज बीचको अन्तरसम्बन्ध
१५. शिक्षाका आधुनिक प्रवृत्तिहरू र समसामयिक मुद्धाहरू

द्वितीय पत्रः लिखित परीक्षा

खण्ड क ५०

यस खण्डबाट २ लामा र ६ संक्षिप्त उत्तर आउने प्रश्न सोधिने छ ।

१. शिक्षामा अनुसन्धानः अर्थ, महत्व र प्रकारहरू
२. शैक्षिक व्यवस्थापन, कक्षाकोठा व्यवस्थापन र विभिन्न शैक्षणिक/शैक्षिक योजनाहरू
३. चालु आवधिक योजनामा शिक्षा र कर्णाली प्रदेशको चालु आवधिक योजनामा शिक्षा
४. दिगो विकास लक्ष्य, राष्ट्रिय कार्यढाँचा र शिक्षा सम्बन्धि लक्ष्य, सूचक र दिगो विकास लक्ष्यको स्थानीयकरण
५. विद्यालय शिक्षा क्षेत्र योजना (२०२२/०२३-२०३१/०३२)
६. विद्यालय स्वास्थ्य र पोषण कार्यक्रम
७. आधुनिक शैक्षणिक प्रविधि र शिक्षामा नवीनतम चिन्तन
८. मानव अधिकार, बालअधिकार र शिक्षामा लैङ्गिक समानता
९. उदार कक्षोन्नोति र निरन्तर विद्यार्थी मूल्यांकन
१०. विपदको समयमा प्रयोग गर्न सकिने शिक्षण सिकाइका वैकल्पिक विधिहरू
११. सिकाइमा प्रभाव पार्ने विभिन्न तत्वहरूः अवधारणा, प्रकार र शैक्षिक उपयोग
१२. नेपालको विद्यालय तहको पाठ्यक्रम विकास प्रक्रिया तथा विद्यालय तहको वर्तमान परिमार्जित पाठ्यक्रम सम्बन्धि जानकारी
१३. मापन र मूल्यांकनः अवधारणा, प्रकार, विशेषताहरू, तरिकाहरू
१४. विद्यालयमा सकरात्मक अनुशासन र विद्यालयले पालना गर्नुपर्ने शर्तहरू
१५. विद्यालय सुशासनः सामाजिक परीक्षण, गुनासो सुनुवाई र नागरिक वडापत्र
१६. विद्यालय स्थापना र कक्षा थपका आधारहरू
१७. शिक्षक व्यवस्थापनः अवधारणा र महत्व
१८. शिक्षकको पेशागत विकासः संरचना, नीति र कार्यक्रमहरू
१९. प्रतिवेदन लेखनः अवधारणा, चरण, औचित्य
२०. नैतिकता, व्यवसायिकता, अनुशासन र आचार संहिता

खण्ड ख ५०

यस खण्डबाट २ लामा र ६ संक्षिप्त उत्तर आउने प्रश्न सोधिने छ ।

१. कक्षागत तथा विषयगत सिकाइ उपलब्धि मापनः अवधारणा, विधिहरू, प्रयोग, औचित्य तथा चुनौतिहरू
२. शिक्षक दरबन्दी मिलान तथा विद्यालय समायोजनः अवधारणा, आधारहरू, विधिहरू, सरोकारवालाहरूको भूमिका, आवश्यकता र समस्याहरू
३. शिक्षकको पेशागत विकासका चरण तथा आवश्यकता
४. विद्यालय निरीक्षण तथा सुपरीवेक्षणः अर्थ, परिभाषा, उदेश्य, सिद्धान्त, महत्व, निरीक्षण प्रक्रिया र चरणहरू तथा सुपरिवेक्षणका कार्य तथा गुणहरू

५. नेपालमा शिक्षाको विकास, निरीक्षण तथा सुपरिवेक्षणका सम्बन्धमा भएका प्रयासहरू र कानूनी व्यवस्था
६. कक्षाकोठा व्यवस्थापनः अवधारणा, महत्व, शिक्षण सिकाइको व्यवस्थापन र शैक्षणिक संगठन
७. शिक्षासंग सम्बद्ध निकायहरूको शैक्षिक विकासमा भूमिका
८. विद्यमान शिक्षा सम्बन्धि कानूनहरू
९. शैक्षिक योजनाः अर्थ, उदेश्य, महत्व, प्रकारहरू, शैक्षिक योजना निर्माणका आधारहरू, सम्बन्धित पक्ष तथा निकायको निर्माणमा भूमिका
१०.शैक्षणिक स्रोतव्यक्तिः अवधारणा, अर्थ, औचित्य, काम, कर्तव्य र अधिकारहरू
११.विद्यालयमा आधारित र नतिजामा आधारित अनुगमन तथा मुल्यांकन
१२.विद्यालय अनुगमन तथ मूल्यांकनमा देखिएका समस्या तथा समाधानका उपायहरू
१३.नेपालमा निरीक्षण तथा सुपरिवेक्षणका सम्बन्धमा भएका प्रयासहरू र कानूनी व्यवस्था
१४.नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा शिक्षा सम्बन्धि व्यवस्था
१५.साइवर अपराध र सुरक्षा तथा शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग

अन्तिम चरणः कम्प्यूटर सिप परीक्षण र अन्तर्वार्ता

कम्प्यूटर सिप परीक्षणः

कम्प्युटर परीक्षणबापत बढीमा १५ अङ्क	नेपाली टाइपिङ्ग-५ अंग्रेजी टाइपिङ्ग- ५ इमेल, इन्टरनेट-५

शैक्षिक योग्यता तथा अन्तर्वार्ता - २५ अङ्क

अनुभव, शैक्षिक योग्यता तथा अन्तर्वार्ता बापतको २५ अङ्क देहायका आधारमा

प्रदान गरिनेछ.

१. शैक्षिक योग्यता - १० अङ्क

क सं	विवरण	प्रथम श्रेणी	द्वितीय श्रेणी	तृतीय श्रेणी
१	न्यूनतम शैक्षिक योग्यत	७	६	५
२	माथिल्लो शैक्षिक योग्यता	३	२	१

२. अन्तर्वार्ता – १० अङ्क (७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम अङ्क दिनुपरे कारण खोल्नुपर्ने)

(क) व्यक्तित्व – १ अङ्क

(ख) विषयवस्तुको ज्ञान -२ अङ्क

(ग) प्रस्तुतीकरण शैली - ३ अङ्क

(घ) व्यवस्थापकीय तथा समस्या समाधान सीप - २ अङ्क

(ङ) शिक्षण सहजीकरण सीप – २ अङ्क

अनुसूची- २

शैक्षणिक स्रोत व्यक्ति पदको दरखास्त फाराम

विज्ञापन नं.

आवेदन गरेको विषयः

हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (फोटोमा पर्ने गरी हस्ताक्षर)

आवेदकको नामः लिङ्गः

जन्म मितिः सम्पर्क नं. इमेलः

स्थायी ठेगानाः अस्थायी ठेगानाः

कार्यरत विद्यालयः

स्थायी नियुक्ति मितिः नियुक्ति भएको विषयः

(स्नातकोत्तर र सो भन्दा माथिल्लो शैक्षिक योग्यताको विवरण मात्र पेस गर्ने)

क्रसं	शैक्षिक योग्यता	विषय	विश्वविद्यालय/बोर्ड	प्राप्ताङ्क	प्रतिशत/GPA
१					
२					
३					
४					

माथि उल्लिखित ब्यहोरा साँचो हो । फरक परेमा कानुन बमोजिम सहुँला बुझाउँला।

नामः

हस्ताक्षरः

मितिः

दायाँ	बायाँ

आवश्यक कागजात (प्रतिलिपि संलग्न गर्ने)

(क) सम्बन्धित तहको नियुक्ति पत्र,
(ख) तालिमको प्रमाणपत्र,
(ग) नेपाली नागरिकताको प्रमाणपत्र,
(घ) सेवा अवधिको प्रमाणित प्रति,
(ङ) न्यूनतमत तथा माथिल्लो योग्यताका प्रमाणपत्र ।

स्वीकृत मिति :२०८२ साल भाद्र २३ गते सोमवार ।

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत